*"For Nepali By Nepali"*

गैर आवासीय नेपाली संघ(एनआरएनए) Non-Resident Nepali Association (NRNA)
राष्ट्रिय समन्वय परिषद(एनसीसी) National Coordination Council (NCC)
दोहा, कतार Doha, Qatar
२००३ 2003

## वैदेशिक रोजगारीमा विद्यमान चुनौति र समधानका उपायहरु विषयमा एनआरएनए एनसीसी कतारको अवधारणा

मिति : १३ जुलाई २०१२

यस वैदेशिक रोजगारीमा विद्यमान चुनौति र समाधानका उपाय बिषयक अन्तरक्रिया कार्यक्रमका सभाध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, बिषेश अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, उपस्थित कतारमा क्रियाशिल संघ संस्थाका प्रतिनिधि, व्यवशायी, बुद्धिजिवि, पत्रकार लगायत उपस्थित महिला तथा सज्जनवृन्द ,

विश्वव्यापिकरण, आर्थिक उदारीकरण, सूचना र सञ्चार क्षेत्रमा भएको व्यापक परिवर्तनले मानिसहरु आफ्नो मात्र देशको सिमा भित्र नरहि विश्वका विभिन्न भागमा विभिन्न उद्येश्य र लक्ष्यका साथ आवात जावत गर्ने प्रकृयावाट नेपाल पनि अछुतो रहन सकेन र प्रकृतिको धनि मुलुकका हामि नेपाली देशमा छिटो छिटो भएका राजनैतिक परिवर्तन र लामो समय देखिको हत्या हिंसाको मारमा परेकाले जसरी पनि विदेश लाग्ने मनस्थिति शिक्षित तथा अशिक्षित सबै यूवाहरुमा विकास भएकै कारण आज जनसंख्याको ठूलो हिस्सा बैदेशिक रोजारीमा होमिएकोछ । आज खाडिको यस कतारमा मात्र तिन लाख ५० हजार भन्दा बढि नेपालीहरु रोजगारी तथा व्यावशायको क्रममा कार्यरत छन । रेमिट्यान्स पठाएर राज्यको अर्थतन्त्रको धानिरहेको यस क्षेत्रमा समस्या तथा चुनौतिहरुको पहाड नै छ भन्दा अत्युक्ति नहोला । आज नेपाल सरकारका विभिन्न निकायहरुका अधिकारीहरु तथा वैदेशिक रोजगार व्यावशायी संघका अध्यक्षको समुपस्थितीमा आयोजना भइरहेको यस अन्तरक्रिया कायक्रम मार्फत कतारमा कार्यरत सम्पूर्ण नेपाली समुदायको तर्फबाट गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारले यस क्षेत्रमा भएका विभिन्न प्रकृतिका समस्या र तिनका समाधानका विविध उपायहरुलाई यथासम्भव सघन प्रस्तुत गर्ने प्रयास गरेकोछ । हाम्रो कार्यक्षेत्र कतार भएको हुनाले समग्र वैदेशिक रोजरागका समस्यालाई उठान गरिएपनि बिशेष गरी कतारमा देखिएका श्रमिक समस्यालाई हल गर्नको लागी ठोस कदम चाल्न नेपाल सरकारलाइ रचनात्मक दवाव दिने उद्येश्यले यो अवधारण प्रस्तुत गरेकाछौं ।

आमरुपमा बिषयलाई बिश्लेषण गर्नु पर्दा बैदेशिक रोजगारका मुलभुत समस्याका कारणहरुको श्रोत सरकारी निकाय नै भएको हामीले ठहर गरेकाछौ । नेपालको पछिल्लो बैदेशिक रोजगार ऐन (२०६४) ले कामदारको हकहितलाई पुर्ण रुपमा सम्बोधन गर्न नसक्नु, सम्बन्धित सरकारी निकायहरुले भएका ऐनहरुको पुर्ण कार्यान्वयन गर्न/गराउन असफल रहनु, बैदेशिक रोजगारमा देखिएका ठगिमा दण्डहिनताको अबस्था रहनु, कतिपय बैदेशिक रोजगार व्यवसायीहरुको पहुच र प्रवाभले गर्दा पिडीत कामदारले न्याय नपाउनु, सरकारी प्रशासनमा हुने घुसखोरी, ढिलासुस्ति तथा उदासिनताको कारणले मुलुकको आर्थिक मेरुदण्डको रुपमा स्थापित भएको बैदेशिक रोजगारको समग्र संरचना दिनानु दिन अव्यवस्थित, अपारदर्शि तथा अमर्यादित हुदै गईरहेको छ ।

बैदेशिक रोजगारको विकराल परिस्थितीलाई उजागर गर्न हामीले कतार स्थित नेपाली राजदुतावासको एउटा तथ्याङ्क पेश गरेका छौ । जुन यस प्रकार रहेको छ।

नेपाली राजदुतावास कतारको तथ्याकं हेर्ने हो भने सन २०१० मा कतारमा मात्र २१७ जना नेपाली कामदारले अकालमा ज्यान गुमाएका थिए । जस मध्ये ११५ जना राति सुतेकै ठाउमा, ९ जनाले आत्महत्या गरेर, १४ जना डुबेर, ४० जनाले सडक दुर्घटनामा परेर, २२ जना काम गरेकै ठाउमा ज्यान गुमाएका थिए भने १७ जनाले अन्य कारणले ज्यान गुमाएका थिए । कतारमा कार्यरत डाक्टरहरु भन्छन राती सुतेकै ठाउमा आकस्मिक हृदयगति बन्द भएर मर्नु तथा आत्महत्या गरेर मर्नुको कारण तिब्र तनाव हो । तिब्र तनावको कारण ठगिनु हो । ठगिनुको कारण नेपाल सरकारको कमजोर श्रमकानुन, बैदेशिक रोजगारको अव्यस्थित प्रणाली, घुस्याहा कर्मचारी प्रशासन हो । सडक दुर्घटना तथा अन्य कारणले मर्नुको कारण अभिमुखीकरण तालिमको प्रवाभकारिता न्युन हुनुहो । नेपाली राजदुतावास कतारको यस मृत्यु तथ्याङ्कलाई मात्र हेर्ने हो भने पनि असुरक्षित बैदेशिक रोजगारको अवस्थाका प्रष्ट तस्विरहरु झल्किन्छन् । अझ तलब नपाउने, भिसा नलाग्ने, मुलुक फर्कन नपाउने तथा मालिकबाट मानसिक, तथा शारिरिक यातना र दुव्यवहार खेप्नुपर्ने पिडीत कामदारहरुको संख्या त बर्षेनि दशौं हजार रहेकाछन ।
*( स्रोत : रामकाजी खडका । तत्कालिन प्रथम सचिव । नेपाली राजदुतवास, कतार)*

खाडी, मलेसिया लगायत ठुलो संख्यामा नेपाली कामदारहरु भएका मुलुकको नेपाली नियोगको भवन, सवारी साधन, बिनियोजित बजेट लगायत आर्थिक तथा भौतिक पुर्वाधार अन्त्यन्त न्युन रहनु, प्रयाप्त मात्रामा जनशक्ति नहुनु, भएका जनशक्तिले पनि पुर्ण जिम्मेवारी बोधका साथ काम नगर्नुले सम्बन्धित देशमा अलपत्र परेका कामदारहरुले उचित समयमा उद्दार तथा कानुनि उपचार पाउन सकेका छैनन । ऐन अनुसार पिडीत कामदार र उसको परिवारको लागी भनेर खडा गरिएको कल्याणकारी कोषमा जम्मा भएको करौडौ रकममा पिडीत कामदारको सहज पहुच पुग्न नसक्नुले पनि बैदेशिक रोजगारबाट पिडित भएका कामदारहरु प्रति सरकारी निकाय पुर्ण रुपमा जवाफदेहि भएको देखिदैन ।

नेपाल सरकारको बैदेशिक रोजगार हेर्ने निकायमा कर्मचारीको नियुक्ति तथा खाडी, मलेसिया लगायत ठुलो संख्यामा नेपाली कामदारहरु रहेको मुलुकको नियोगमा राजदुत तथा श्रम सहचारीको नियुक्ति बिषयगत दक्षताको आधारमा भन्दा पनि राजनितिक पहुच र कतिपय अवस्थामा लेनदेनको आधारमा हुनेले पनि समस्याको पहाड चुलिदै गएको हामीले ठानेकोछौ ।

त्यसैगरी कतिपय बैदेशिक रोजगार व्यावसायिहरुले रातारात पैसा कमाउने सपना बोकि व्यावसायीक मर्यादा भुल्नु, आफुले पठाएका कामदार तथा उसको परिवारप्रति उत्तरदायी नरहनु पनि समस्याको अर्को महत्वपुर्ण पाटो हो भन्ने हामीले ठहर गरेकाछौ ।

कतिपय अवस्थामा बैदेशिक रोजगारमा आउन चाहाने कामदारको लापरवाही, हतास मानसिकता तथा रोजगारदाता मुलुकको अव्यावहारिक तथा पुरातन श्रम कानुनको कारणले पनि समस्याहरु देखिएका छन । तर बैदेशिक रोजगार हेर्ने सरकारी निकाय, बैदेशिक रोजगारी ब्यवसायी तथा सम्बन्धित देशका नेपाली नियोगले जवाफदेहि पुर्ण तरीकाले आफनो कर्तव्य निभाएमा यि समस्याहरु आफै गौण भएर जानेछन ।

वर्तमान अवस्थामा बैदेशिक रोजगारमा भएका समस्याहरु भनेको मुलत समयमा पारिश्रमिक नपाउनु, पारिश्रमिक नै नपाउनु, कामदारको तीन महिना सम्मको तलब धरौटी बापत भनेर रोकेर राख्नु, भिषा नलाग्नु, भनेको काम नपाउनु र आफुलाई चाहेको अवस्थामा घर फिर्तीको अधिकार नपाउनु जस्ता कुरामा मात्र सिमित गरेर हेरिएको अवस्थाछ । बैदेशिक रोजगारका मुलभुत समस्याहरु यिनै भएता पनि नेपाल सरकारले अनुमोदन गरेका मानव अधिकार सम्बन्धि करिव १६ वटा अन्तराष्ट्रिय महासन्धि र अन्तराष्ट्रिय श्रम संगठनका करिव दश वटा महासन्धिको धरातल टेकेर हेर्दा बैदेशिक रोजगारका समस्या अझ भयाभव र काहालिलाग्दो देखिन्छ ।

श्रम सम्बन्धि अन्तराष्ट्रिय मान्यता र परिभाषाको आधारमा हेर्दा कामदारहरुलाई न्युनतम सुबिधा भएको उचित बासस्थानको व्यवस्था नहुनु, शुद्ध पिउने पानीको व्यवस्था नहुनु , स्वस्थ्यकार खानाको व्यवस्था नहुनु, रोजगारदाताबाट हुने शारिरिक मानसिक हिंसा, धम्कि खेप्न बाध्य हुनु, जर्वजस्ति र अनिवार्य श्रम गर्न बाध्य पारिनु जस्ता समस्यको अर्को पाटो उतिकै बिकराल छन । कतार कै सन्दर्भमा हेर्ने हो भने पनि न्युनतम सुरक्षा मापदण्ड नभएका पुराना घरहरुकाा एउटै कोठामा दशौ जना खादेर राखिएको देख्न पाईन्छ भने मानव बस्ति बाट निकै टाढा एअर कण्डिसन नभएको घरमा बस्न बाध्य पार्ने गरिएको अवस्था समेत पाईएकोछ । तसर्थ बैदेशिक रोजगारको समग्र समस्यालाई अन्तराष्ट्रिय मान्यता र परिभाषाको आधारमा बिवेचना गरि सोहि बमोजीम समस्या समाधानको दिशामा ठोस कदम चाल्नु आजको आवश्यकता देखिएको छ ।

## वैदेशिक रोजगारीमा समस्या आउनुका प्रमुख कारणहरु

### रोजगारीका लागि मुलुक छाड्नु पूर्व ध्यानदिनुपर्ने कुराहारुमा ध्यानदिन नसक्दा श्रृजित समस्याहरु :

- वैदेशिकरोजगार कम्पनिहरुले श्रम विभागको प्रयोजनका लागी मात्र कामदार तथा रोजगारदाताबीच गरिने श्रम सम्झौता पत्र नक्कली बनाउने प्रबृति । जसमा श्रम विभागका कर्मचारिको समेत मिलेमतो भएका उदाहरणहरु प्रसस्त छन् ।
- कामदारलाई छनौट पूर्व जाने ठाउँ, गर्नुपर्ने काम तथा कामको विवरण, तलब भत्ता तथा अन्य सुविधाका वारेमा जानकारी नदिनु ।
- भिषा र सम्झौता रुजु नगरिनु ।
- कालो सुचिमा रहेका कम्पनीहरु मार्फत कामदारहरु विदेश पठाइनु ।
- हैसियतभन्दा वढिको कार्यअनुभवको कागजपत्र बनाई विदेश लाग्नु ।
- जनाजान ठगि गर्ने प्रवृति ।

### रोजगारिका लागी सम्बन्धित मुलुक पुगेपछि भोग्नुपरेका समस्या

- विमानस्थलमा सम्बन्धित कम्पनिका प्रतिनिधिहरु लिन नआउनु ।
- श्रमिक तथा रोजगारदाता विच गरिएको सम्झौता खासगरि तलब, अन्य सुविधा तथा ओभरटायम सम्झौता पत्रमा उल्लेखत भए अनुसार नहुनु ।
- समयमा मासिक पारिश्रमिक नपाउनु ।
- आवासको मानविय सुविधा नहुनु ।
- नाजुक अवस्थामा रहेका कम्पनिहरुमा भिषा निकालेर कम्पनिले काम दिन नसक्ने तथा आवास अनुमति कार्ड पनि नबनाइदिनाले कम्पनि छोडेर वाहिर काम गर्नुपर्ने बाध्यता ।
- करार अवधिभन्दा पहिले नै फर्काइने तर त्यस्तो अवस्थामा क्षतिपुर्तिको लागि कानुनी सुविधा नपाइने ।
- करार अवधि सकिसक्दा पनि विभिन्न कारणले स्वदेश फिर्ता हुन नसक्ने ।
- समस्याहरुलाई सम्बन्धित ठाँउ कम्पनि मेनेजमेन्टमा राख्दा विभिन्न किसिमका दबाब दिइ वा सेवाबाट मुक्त गरि विना टिकट क्यान्सिल गर्ने ।
- कतार तथा खाडि मुलुकको हकमा स्पोन्सरसिप चेन्जगर्न कानुनी प्रावधान जटिल रहनु ।
- विषेश गरि खाडि मुलुकमा आफ्ना हकहितका लागी आवाज उठाउनको लागी विभिन्न संघ संस्थाहरुले आधिकारिक मान्यता नपाउनु ।
- सम्बन्धित मुलुक्मा दुतावासको कार्य तत्परताको कमी ।

### कामदारका आफ्नो कमजोरीवाट उत्पन्न समस्या

- कम्पनिले समयमा नै काम तथा आवाससुविधा नदिएपछि सम्बन्धित निकायमा खवर नै नगरी साथीभाइको लहै लहैमा लागेर वढि कमाउने लोभमा कम्पनि छोडेर वाहिर काम गर्दा पर्न आएका समस्या ।
- कम्पनिको नियम अनुसार कार्य क्षेत्रमा नजानु, विभिन्न किसिमका कुलतमा फस्नु वा कम्पनिको छविमा दाग लगाउने काम गरेर भोग्नु परेका समस्या ।
- विदेशमा आँउदा पनि आफ्नो पुरानो आचरण नछोडेर अनुशासनको मर्यादामा नबस्दा आइपरेका समस्याहरु ।

उल्लेखित तथा बैदेशिक रोजगारका समग्र समस्याहरुको सम्बोधन तथा समाधान गर्नको लागी केही ठोस उपायहरु समेत हामीले पहिचान गरि बिषय, सन्दर्भको आधारमा निम्न बमोजिम प्रस्तुत गरेकाछौं ।

## नियोग मार्फत कतारमा स्थानिय रुपमा गर्नपर्ने कार्यहरु

- दुतावासमा संचालित सेल्टरहाउसलाइ थप व्यवस्थित, सुबिधा सम्पन्न गरि प्रभावकारी बनाइनु पर्ने । कतिपय पिडीत मजदुरहरुलाई सेल्टर हाउसमा बस्नबाट बञ्चित गरिएको गुनासाहरु सुनिएको सन्दर्भमा सेल्टरमा बस्ने कामदारहरुको स्पष्ट मापदण्ड सार्वजनिक गनुपर्ने ।
- कतारको पछिल्लो श्रम कानुन (२००४) ले कामदारलाइ बार्षिक तलवि बिदाको अतिरिक्त सेवा अवधि सकिएपछि प्रदान गरिने ग्रयाजुटीको पनि व्यवस्था गरेकोछ । जुन सामान्यतया बर्षको २१ दिनको रहेकोछ । तर अधिकांश कामदारहरु यो जानकारीको अभावमा सेवा अवधि सकिएर मुलुक फर्कदा कानुनी रुपमा पाउनु पर्ने रकमबाट बञ्चित भएका छन् भने कतिपय रोजगारदाता कम्पनीबाट नै यो रकम दिन आलटाल गरिदै आएको छ । तसर्थ कतारमा प्रकाशित हुने नेपाली पत्रपत्रिकामा कामदारको बार्षिक तलबि बिदा तथा सेवा अबधि सकिएपछि मुलुक फर्कदा पाउनु पर्ने ग्रयाजुटीको कानुनी प्रावधानको बिषयमा सुचना प्रकाशन गर्ने र त्यस किसिमका हक अधिकारबाट बञ्चित गरिएका कामदाहरुलाई सुचनामा नै दुतावासको छुट्टै सम्पर्क नम्बर उपलब्ध गराई हक अधिकार स्थापित गर्नको लागी पिडीत कामदारहरुले फोन गर्दा तत्काल पहलको लागी दुतावासमा व्यावस्था गरिनु पर्ने ।
- बढदो महगिको कारणले नेपाली कामदारहरुले कतारमा पाइरहेको तलबमान समय सापेक्ष नदेखिएकाले न्यूनतम पारिश्रमिकलाई समय सापेक्ष बनाउन सरकारको तर्फबाट पहल गरिनु पर्ने । हालको अवस्थामा कतारमा श्रमिकको न्यूनतम पारिश्रमिक कतारी रियाल १००० तथा खाना खर्च २०० गरि १२०० कायम गर्न सुझाव प्रस्ताव गरिन्छ ।
- नेपालमा रहेका श्रम सम्बन्धि कानुनका निर्माताहरु तथा कानुन कार्यान्यवन गर्ने अधिकारीहरुलाई प्रवासमा रहेका नेपाली श्रमिकहरुको वस्तुस्थितिको ज्ञानको अभावमा पिडीतले राहत तथा कानुनी उपचार पाउने कार्यमा प्रभाव परिरहेको देखिएकोले सम्बन्धित निकायका अधिकारीहरुले बेला बेलामा स्थलगत भ्रमण गरि अन्तक्रिया तथा कार्य क्षेत्रको भ्रमण कार्य गर्नुपर्ने ।
- नेपाल सरकारको अन्तरिम संबिधान, नेपाल सरकारको पछिल्लो (२०६४) बैदेशिक रोजगार ऐन र नेपाल तथा कतार सरकारको द्धिपक्षिय श्रम सम्झौताले विपरीत नेपाली नियोग कतारले नियन्त्रण गरिरहेको ब्यक्तिगत श्रम स्विकृती अनुमति प्रक्रियालाई व्यवस्थित रुपमा समाधान गर्न तत्कालै पहल गर्नुपर्ने । ब्यक्तिगत श्रम सम्झौतामा छुट दिदा कतिपय दलालहरुले व्यक्तिगत रुपमा भिसाको धन्दा गर्दै कामदारलाई अलपत्र पारेको अवस्था पारेको देखिए पनि त्यस्ता दलालहरुलाई कडा कानुनी कारवाही गर्नुको साटो व्यक्तिगत श्रम अनुमतिमा कडाई गरिदा समस्या समाधान सट्टा झन श्रम विभागमा बिसौ हजार रुपैया घुस खुवाई नक्कली सम्झौतामा तथा बिदेशी एयरपोर्ट बाट कामदार आउने क्रम नरोकिएको हुनाले कामदार थप असुरक्षित र अलपत्र हुने जोखिम बढेकोछ । साथै कतारमा कार्यरत तीनलाख भन्दा बढी कामदारहरुले आफु कार्यरत कम्पनिमा निशुल्क रुपमा आफ्ना साथि भाई, नातेदार ल्याउनको लागी पनि म्यानपावर एजेन्सिलाई रकम खर्च गर्न पर्ने भएकोले उक्त प्रावधान कतारको हकमा व्यवहारीक नदेखिएको हुदा तत्काल सुधार गनुपर्ने । सक्कली श्रम सम्झौतामा आउने कामदार व्याक्तिगत तवरबाट आएपनि सुरक्षित हुने तथा स्थानिय कानुन अनुसार उसको सजिलै हक स्थापित हुने हुदा पनि यस नियन्त्रणको व्यवहारीक प्रयोजन पुष्टि भएको देखिदैन ।
- कल्याणकारिकोषको व्यवस्था : मध्यपूर्वमा नेपालीहरुको वढ्दो संख्या सगै विभिन्न कारणले गर्दा अलपत्र पर्ने, दुर्घटना परि मृत्यू तथा घाइते हुने आदी भैपरि आउने समस्याहरु कतिपय सम्बन्धित कम्पनिमा नपुर्दै घट्ने र कतिपय लाई कम्पनिले नै आवश्यक सहयोग नगर्दा उनिहरुलाई नेपाल पठाउन नसकिएका अनेकौं घटनाहरु हाम्रो अगाडी छन् । यस्ता किसिमका समस्याहरुको समाधानको लागी खाडी क्षेत्रका सम्बन्धित मुलुकमा नै दुतावास भएमा दुतावासको पहलमा र नभएमा त्यहाँ स्थित नेपाली समुदायको पहलमा कल्याणकारि कोषको स्थापना गरि संचालन गर्ने । कोष स्थापना गरेरमात्र नहुने र यसको आयको जोहो पनि गर्नु पर्ने भएकोले यसका लागी सम्बन्धित मुलुकमा कामदार पठाउने मेनपावर कम्पनीबाट सरकारले नै केहि रमक आउने व्यवस्था गरिदिने तथा विभिन्न क्षेत्रवाट सहयोगहरु पनि उठाउने । तर अपसोचको कुरा दोहा स्थित नेपाली समुदायले सञ्चालन गर्न प्रयास गरेको कल्याणकारी कोषलाई नेपाली दुतावासले स्विकृति नदिदा त्यतिकै अलपत्र परेकोछ । आवाश्यक तयारी भएर पनि दुतावासको गलत मनोबृतिको कारण यो करिब ४ वर्ष देखि रोकिरहेकोछ । तसर्थ खाता सञ्चालन गरिदिने व्यवस्था गरिदिन नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।
- त्यस्तै कतारमा दुतावासको संरक्षण तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदको व्यवस्थापनमा नेपाली सांस्कृतिक केन्द्र स्थापना गर्न सहयोग गरि समुदायलाइ नेपाली कला, संस्कृति तथा पर्यटन प्रवद्धनमा परिचालन गर्नुपर्ने ।

## नेपाल सरकाले गनुपर्ने नितिगत सुधारहरु

- नेपाल सरकारले बैदेशिक रोजगार प्रवद्धन गर्ने दायित्व लिनुपर्ने ।
- बैदेशिक रोजगार व्यवसायिले अनिवार्य रुपमा सम्बन्धित देशको राजदुतावास बाट कामदार मागपत्र प्रमाणिकरण गराउनु पर्ने प्रावधान ऐनमा नै व्यवस्था गर्नको लागी नितिगत सुधार गर्नुपर्ने ।
- बैदेशिक रोजगारमा गैर कानुनी ढंगले कामदार पठाउने कार्यलाई हाल ठगि अर्न्तगत कानुनी कारबाही गर्ने प्रावधान व्यवहारिक नदेखिएको हुदा उक्त कार्यलाई मानव तस्करी परिभाषित गरी सोहि बमोजिम कानुनी कारवाहीको लागी नितिगत सुधार गर्नु पर्ने ।

- बैदेशिक रोजगार ऐन २०६४ ले पिडीत कामदारलाई लिएको रकम र सो को पचास प्रतिशतले हुने हर्जाना बापत असुली गरी कामदारको बिदेश जान र आउन लागेको खर्च भराईदिने व्यवस्था गरेकोछ । सो प्रावधानले पिडीत कामदार र उसको परिवारको मानसिक वेदना, विदेश जादा लिएको ऋणको व्याज, मुद्धा मामिला लाग्दा भएको खर्च र मुद्धा मामिलामा गर्दा व्यतित भएको समयको उचित क्षतिपुर्ति निश्चित गरी पिडीत कामदारलाई पुर्ण न्याय दिलाउन नसक्ने देखिएको हुदा पिडीत कामदारले पाउने हर्जाना रकम कम्तीमा २ लाख गर्नुपर्ने ।
- बैदेशिक रोजगार ऐन २०६४ मा बिदेशमा अलपत्र परेका कामदारहरुको उद्धारको जिम्मा रोजगार व्यवसायीले नै गर्नुपर्ने प्रवाधानले गर्दा कतिपय अवस्थामा महिनौ वा बर्षौ सम्म पनि पिडीत कामदारको उद्धार हुन नसक्ने स्थिती व्यवहारीक नदेखिएको हुदा अलपत्र परेका कामदारहरु तत्काल नेपाल सरकारले नै उद्धार गर्नु पर्ने तथा उद्धार बापत लागेको खर्च सरकारले व्यवसायि बाट असुल उपर गर्न सक्ने गरि नितिगत सुधार गर्नूपर्ने ।
- बैदेशिक रोजगार कल्याणकारी कोषमा पिडीत कामदारहरुको सहज पहुच तथा न्यायोचित वितरणको लागी बैदेशिक रोजगार विभागले सक्रिय भुमिका खेल्नुपर्ने ।
- खाडी, मलेसिया लगाएत ठुलो संख्यामा नेपाली कामादार भएको मुलुकमा कम्तिमा एक लाख कामदारको लागी एकजनाको दरले श्रमसहचारी नियुक्ति गनुपर्ने तथा जसमा कम्तिमा एकजना महिला श्रमसहचारी राख्नुपर्ने । यस्तो कर्मचारीको छनौट सम्बन्धित देशको भाषा, संस्कृतीको अनुभव तथा बिषयगत विज्ञताको आधारमा छनौट गनुपर्ने ।
- बैदेशिक रोजगार व्यवसायिहरुले कामदारसंग उठाउन पाउने सरकारले तोकेको सेवा शुल्क बिपरीत कतिपय व्यवसायीहरुले अहिले पनि सामान्य अदक्ष कामको भिषाको लागि पनि लाखौ रुपैया उठाउने क्रम नरोकिएको हुदा सेवा शुल्क सम्बन्धि सरकारी नितिलाई कडाईका साथ पालाना गराउन सम्बन्धित निकायले प्रवाहकारी भुमिका खेल्नुपर्ने । सेवा शुल्क उठाउने प्रक्रिया अझ सरल, पारदर्शि तथा जवाफदेहि पुर्ण बनाउन नितीगत सुधार गर्नुपर्ने ।
- हाल सरकारले ब्यक्तिगत तवरले बैदेशिक रोजगारमा जाने कामदारलाई अनिवार्य रुपमा श्रम सम्झौता प्रमाणीकरण गर्ने व्यवस्था गरे पनि संस्थागत रुपमा जाने कामदारको हकमा भने समुहगत रुपमा श्रम स्विकृती दिने प्रावाधानले बैदेशिक रोजगारमा गएका कामदारहरु अलपत्र पर्दा सम्बन्धित देशमा कानुनी हक स्थापित गराउने कार्य असहज हुने हुदा यस प्रथालाई खारेज गरी संस्थागत वा व्यक्तिगत दुवै तवरले बैदेशिक रोजगारमा जाने कामादारहरुको जनही श्रम सम्झौता प्रमाणीकरण गरेर मात्र श्रमस्विकृती दिनुपर्ने ।
- देशको आर्थिक मेरुदण्डको रुपमा स्थापित भएको बैदेशिक रोजगारमा जाने कामदारहरुले अहिले पनि गाउ घरको साहु माहाजनहरु संग मंहगो व्याजदरमा ऋण गर्नुपर्ने बाध्यताछ । लाखौ रुपैया खर्चगरी न्युनतम ज्यालामा बैदेशिक रोजगारमा जाने कामदारहरुले कतिपय अवस्थामा ऋणको ब्याज समेत तिर्न नसक्दा बैदेशिक रोजगारमा जाने व्यक्ति तथा उसको आश्रित परिवार बिचल्लि हुने गरेकाछन । तसर्थ बैदेशिक रोजगारमा जाने कामदारहरुलाई सरकारले बिनाधितो सरल प्रकृया मार्फत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने ।
- बैदेशिक रोजगारमा पहिलो पटक जाने कामदारहरुले अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था आफैमा राम्रो भएता पनि त्यसको प्रवाभकारिता अन्त्यन्त न्युन देखिएकोले त्यसको लाभ कामदारहरुले लिन सकिरहेका छैनन तसर्थ सरकारी तवरले नै त्यस्तो अभिमुखीकरण तालिम दिने व्यवस्था गरि तालिम लिईसके पछी मात्र कामदारलाई रोजगारमा जाने अनुमती दिने व्यवस्था गनुपर्ने । यसलाई मेनपावर कम्पनिमा पासपोर्ट दिदाँनै नेपालसरकार वाट सम्बन्धन् प्राप्त तालिम केन्द्रबाट तालिम लिएको कागजपत्र पेश गर्नु पर्ने अनिवार्य बनाउनु पर्ने देखिन्छ । सरकारले श्रमिकहरु विदेश जानुपूर्व सो देशको रहन सहन, भेष भुषा तथा भाषा र धर्म को बारेमा अनिबार्य तालिमको ब्याबस्था गर्नुपर्दछ । सो तालिममा नेपाली एकता र देश प्रतिको प्रत्येक नागरिकको कर्तब्य को बारेमा समेत ज्ञान दिनु आवश्यकछ । नेपाली नेपाली बिचमा मारामार र काटाकाटको ईतिहांसलाई बिर्सेर आपसी मायां र ममता को भावना जागृत गराई देश र देशवासी प्रति जिम्मेवार रहन प्रेरित गर्ने खालको शिक्षा दिनु अति नै आबश्यकछ ।
- सरकारले लागु गरेको पुन: श्रम स्विकृतिको प्रक्रियालाइ सहज बनाएर विमानस्थलमा नै प्रत्येक दिन कम्तिमा १५ घण्टा सेवा उपलब्ध गराउनु पर्ने । पुन: श्रम स्किृति लिएर वैदेशिक रोजगारमा आएका व्याक्तिहरुको अद्यावधिक विवरण कम्प्युटरमा अद्यावधिक गरिनु पर्ने ।
- घरेलु महिला कामदारहरुको सुरक्षित आप्रवासनको लागि विषेश निति निर्माण गरि कडाइका साथ पालना गराउनु पर्ने ।
- कतारको नियम अनुसार अफिस समय वाहेक अन्य समयमा दुर्घटना हुदा विमा नहुने हुनाले नेपालीहरु देशवाट वाहिर निस्कनु भन्दा अगाडि नै राष्ट्रिय मान्यता प्राप्त संस्थामा विमा गरेर पठाउनको लागी नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

**<u>बैदेशिक रोजगार व्यावसायीहरुल गर्नु पर्ने सुधारहरु</u>**

- रोजगारदाता कम्पिनिहरुको सहि छनौट, तलब, भत्ता, जिवन तथा स्वास्थ्य विमा, हवाई टिकट लगाएत श्रमिकले पाउनु पर्ने सुविधाको सुनिश्चतता गराउने ।
- स्वस्थ प्रतिष्पर्धात्मक व्यापार गरि श्रमिकहरुलाइ कम खर्चमा पठाउन ध्यान दिने । अस्वस्थ प्रतिपर्धा गरि रोजगारीका मागहरु लिएर जाने प्रबृतिले एकातिर वैदेशिक रोजगारीमा आउनेहरुले चर्को शुल्क तिर्नु पर्ने अवस्था छ भने रोजगार दाता कम्पनिले पनि श्रमिककहरुको सेवा सुविधामा कटौटी गर्ने सम्भावना भएकोले यसको असर श्रमिक र राष्ट्रलाई पररिकोछ ।
- सेवा शुल्कको मापदण्डलाइ कडाइका साथ पालना गर्ने ।
- रोजगारदाता कम्पनी संग कुनै दवाबमा नपरी प्रष्ट सहमति गर्ने जसले गर्दा राहात तथा क्षतिपुर्ति लिन दह्रो आधार होस ।

- वैदेशिक रोजगारी व्यावसायमा हुने अनियमितताको एक कारण म्यानपावर एजेन्टहरु समेत भएकाले व्यावसायीहरुले आफ्ना एजेन्टहरुलाइ बिषेश तालिम सहित आधिकारिक अनुमति पत्र दिएर व्यावसायिकरण गर्दै जिममेबार बनाउनु पर्ने ।
- अनियमितता, गैरकाकनुनि कार्य गर्ने व्यवसायी तथा संस्थाहरुलाइ कार्वाहिको दायरमा ल्याउन सहयोगि भूमिका खेल्ने ।

**गैर आवासीय नेपाली संघले गर्नसक्ने कार्यहरु**

- बदैशिक रोजगारमा गएर फर्केका पिडित कामदारहरुको तत्काल उद्धार र न्यायमा सहज पहुचको लागि एनआरएन आइसीसी संगको समन्यवमा काठमाडौमा सम्पर्क कार्यलय खोलि संघको तर्फबाट पिडीत कामदारको न्यायको लागी सहजकर्ताको भुमिका खेल्नसक्ने ।
- माथि उल्लेखित नेपाल सरकारले गनुपर्ने बुँदाहरु सरकारी तवरबाट कार्यान्वयन गराउनको लागी दवावकारी, समन्वयत्मक तथा प्रचारात्मक् भुमिका निर्वाह गर्न सक्ने ।
- बैदेशिक रोजगारमा जाने अधिकाँश कामदारहरुमा बैदेशिक रोजगार सम्बन्धि सुचना तथा जानकारीको अभावको कारणले पनि कतिपय समस्या सिर्जना भएको हुदा समस्या न्युनिकरणले लागी सार्वजनिक सञ्चार माध्यम संग समन्वगरी यथेष्ट रुपमा सो सम्बन्धि सुचना, श्रव्य, दृश्य सामाग्री उत्पादन गरी प्रचार प्रसारमा सहयोग गर्न सक्ने ।
- बैदेशिक रोजगारका सम्भावाना र चुनौतीमा बिषयमा सरोकारवाला पक्षसंग समन्वय गरी निरन्तर बहस, छलफल, अन्तरक्रिया, गोष्ठि सञ्चालन गर्नु पर्ने ।

वर्तमान भुमण्डलिकृत विश्वमा वैदेशिक रोजगार एक अन्त्यहिन श्रृंखला भएको हुदा यस बिषय निरन्तर छलफल, बहस, अध्ययन, अनुसन्धान भईरहनु अन्त्यन्त जरुरीछ । देखिएका समस्याहरुलाइ सहि व्यवस्थापन गरेर अगाडी बढ्ने हो भने कतार नेपालीहरुको लागि प्रचुर सम्भावना बोकेको मुलुक हो यहाँबाट नेपालले थप रोजगारी, आपसी व्यापार, वैदेशिक लागानी, पर्यटन, शिक्षा तथा प्रविधि आदि क्षेत्रमा प्रशस्त फाइदाहरु लिनसक्छ ।

धन्यवाद ।

विनोद भट्टराई
संयोजक, वैदेशिक रोजगार व्यवस्थापन समिति ।
गैरआवासीय नेपाली संघ, कतार

अमृत गुरुङ
अध्यक्ष
गैरआवासीय नेपाली संघ, कतार